# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नम्बर :-

मिति २०७६।१२।३

श्री ९ वटै वडा कार्यालयहरु।
महाकाली नगरपालिका, दार्चुला ।

**बिषय:-न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना।**

उपरोक्त सम्बन्धमा रोजगारीको हकसम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ वमोजिम आगामी आर्थिक बर्ष २०७७/७८ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल: (अनिवार्य रुपमा भर्नुपर्ने)**

१.पारिवारिक बिवरण: निवेदक सहित सम्पुर्ण परिवारका सदस्यहरुका नाम, निवेदक सँगको नाता,जन्म मिति, नागरिकता नम्बर र जारि जिल्ला,शैक्षिक योग्यता, सिपको विवरण, दक्षता, रोजगारिको अवस्था र सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाता बाट नियमित रुपमा कुनै सहायता लिइरहेको वा नरहेको।

२.स्थायी बासस्थान खुलेको हुनु पर्ने।

३. निवेदक को काम को अनुभव सम्बन्धि पुर्ण बिवरण, कुल बार्षिक पारिवारिक आय,मोवाइल नम्बर,काम गर्न चाहेको क्षेत्र, काममा खटिन चाहेको सम्भावित समय उल्लेख गर्ने।

नोट: बेरोजगार आवेदनहरु पुर्णरुपमा नभरिएको खण्डमा रोजगार ब्यवस्थापन सुचना प्रणालि (EMIS) मा अनलाइन दर्ता नहुने र सो फाराम भरेका बेरोजगार व्यक्तिहरु स्वत: रुपमा बेरोजगारको सुचिबाट हट्ने भएकाले त्यसको जवाफदेहि सम्बन्धित व्यक्ति नै हुनुपर्ने छ। साथै फाराम भर्दा बेरोजगार व्यक्ति स्वयं उपस्थित हुनुपर्ने छ।

(सन्तोष सिंह बोहरा)
रोजगार संयोजक

(नर सिंह बडाल)
नि. प्र. प्र. अधिकृत